"सुशासन, समृद्धि, समुन्नत र पर्यटकीय ठोरीको आधार
उत्तरदायी, पारदर्शी, जिम्मेवार स्थानीय सरकार"

अध्यक्ष श्री लाल बहादुर श्रेष्ठले
ठोरी गाउँसभामा प्रस्तुत गर्नु भएको

# ठोरी गाउँपालिकाको
# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याङ्गडाँडा,पर्सा
मधेश प्रदेश, नेपाल

प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री निरञ्जन प्रसाद सा सोनार ज्यू,

श्री उपाध्यक्षज्यू,

गाउँ सभाका सदस्यज्यूहरु,

उपस्थित आमन्त्रित अतिथिज्यूहरु,

सम्पूर्ण कर्मचारी, शिक्षक, पत्रकार, बुद्धिजिवी, समाजसेवी तथा सुरक्षाकर्मीहरु।

नेपालको संविधान र संघीय शासन प्रणालीको तहगत सरकारहरुमा ठोरी गाउँपालिका स्थानीय सरकारको रुपमा रहेको छ। यस गाउँपालिकाको तेह्रौ र मेरो कार्यकालको चौथो वर्षको नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु। गाउँपालिकाको **"सुशासन, समृद्धि, समुन्नत र पर्यटकीय ठोरीको आधार उत्तरदायी, पारदर्शी, जिम्मेवार स्थानीय सरकार"** सफल बनाउन यहाँहरुको साथ र सहयोगको अपेक्षा लिएको छु।

सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको लागि विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु।

आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व वर्तमान समसामयिक वस्तुस्थिती बारे यस सभालाई संक्षेपमा जानकारी गराउन चाहन्छु। हाम्रो कार्यकालको तेस्रो वर्ष पुरा भएको छ। भौगोलिक अवस्था जटिल रहेका क्षेत्रमा आवश्यक जति भौतिक निर्माण गर्न नसके पनि महत्वपूर्ण उपलब्धी हासिल भएका छन्।

ठोरी स्थानीय सरकारको प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८२/०८३ मा अवलम्बन गरिने विकासका वार्षिक नीति तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु र यसबाट गाउँपालिकाको समग्र विकासमा एक आयाम थपिने अभिलाषा समेत लिएको छु। ठोरी गाउँपालिकाका विभिन्न क्षेत्रका समग्र समस्याहरुको पहिचान, आवश्यक्ताको विश्लेषण र प्राथमिकिकरण गरी प्राप्त स्रोत र साधनको अधिकतम सदुपयोग हुने गरी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तयार गरेको छु।

**विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदी)**

युक्रेन-रसिया युद्ध र हालै दक्षिण एसियामा भारत-पाकिस्तान युद्ध र सोबाट विश्व आपूर्ती श्रृखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेको छ।

यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर पुग्नुको साथै राज्यबाट विनियोजन बजेटमा पनि

कटौती हुँदै गएको अवस्थामा स्थानीय सरकारबाट अपेक्षित उपलब्धी हासिल गर्न कठिन देखिन्छ।

नेपालले जनसांख्यिक लाभ लिँदै अल्प विकसित मुलुकबाट विकासशील मुलुकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरु रोजगारीको खोजीमा नेपाल छाडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर बनाएको छ। आन्तरिक र वाह्या बसाई सराईका कारण नेपालका गाउँघरहरु सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन्। उब्जाउ खेतवारी बाँझो हुन पुगेका छन्। यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाईलाई आकर्षक बनाउने चुनौती हामी सवैको साझा मुद्दा हुन पुगेको छ।

यस विषम परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुर्न उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउँदै तीब्र र दिगो विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासिल गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिका आर्थिक, पर्यटन विकास, कृषि क्रान्तीलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ। यसका लागि विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा व्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ।

**१. आर्थिक विकासः कृषि तथा पशुपन्छी, उद्योग, पर्यटन, सहकारी र वित्तीय क्षेत्र :**

**(क) कृषि तथा पशुपन्क्षी र सहकारी**

(१) कृषकलाई आवश्यक बिउ बिजन, मलखाद, बिषादी, पशुपन्क्षीको औषधी तथा प्राविधिक सुविधा सहज र सुलभ रुपमा प्रदान गरिनेछ। कृषकलाई आवश्यक तालिम, अध्ययन तथा अवलोकन भ्रमण तथा कृषि औजारको व्यवस्था गरिनेछ। साथै कृषि तथा पशुपन्छी बीमामा लाग्ने बीमा शुल्कमा छुटको व्यवस्थालाई निरन्तरता दिईनेछ।

(२) एक वडा एक कृषि सहकारीको अवधारणालाई निरन्तरता दिँदै कृषिमा आधुनिकीकरण गर्ने र यसै माध्यमबाट जनताको लागि आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरी व्यवसायीकरण गर्ने नीति लिइनेछ। विदेशबाट ज्ञान, सीप सहित स्वदेश फर्किएका युवाहरुलाई लक्षित गरी स्थानीय कृषि प्रणालीलाई अझ बढी उत्पादनमूलक बनाइनेछ। प्रत्येक वडामा एक टोल एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ।

(३) ठोरी गाउँपालिका सुख्खा ग्रस्त क्षेत्र भएको हुनाले कृषकको हितलाई ध्यानमा राखी सिंचाइ कूलो र डीप बोरिङ्गलाई उच्च प्राथमिकता दिँदै लगिनेछ।

(४) सामान्य बिरामी भएका पशुपन्क्षीका लागि निःशुल्क उपचार गरी औषधी वितरणका साथै प्रत्येक वडामा शिविर सञ्चालन गरिनेछ।

(५) पशुपालक किसानको लागि विभिन्न प्रकारका तालिम प्रद्धान गरी प्रोत्साहन गर्ने नीति लिईनेछ।

(६) ल्याबमा चाहिने आवश्यक सामाग्री खरिद गरी निःशुल्क विभिन्न किसिमको परीक्षण गरिनेछ।

(७) प्राङ्गरिक मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ।

(८) इजाजत पत्र नलिई गैर कानूनी तरिकाले विषाधी वेचबिखन गर्ने विक्रेतालाई कानूनी प्रकृयामा आवद्ध गराई व्यवस्थित गरिनेछ।

(९) कृषियोग्य जमिनमा सिँचाई तथा विद्युतीकरण गरी बजारमा उच्च माग हुने मौसमी तथा बेमौसमी तरकारी खेती, फूल खेती सहित कृषकको जीवनस्तर उकास्ने नीति ल्याईनेछ। साथै कृषि सडकको विस्तार, नक्साङ्कन तथा स्तरोन्नती गरिनेछ।

(१०) व्यवस्थित रुपमा सञ्चालनमा रहेको खेती तथा पशुपन्छी पालन गर्ने कृषकहरुलाई अनुदान र पशुपन्छी पालनमा नश्ल सुधारको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

(११) दुग्ध तथा दुग्धजन्य उत्पादनमा बृद्धि गरी कृषकको व्यवसायमा आकर्षण बढाउन गाउँपालिकामा दर्ता तथा सूचिकृत भएका दुग्ध सहकारी मार्फत दुग्ध उत्पादक कृषकहरुलाई प्रोत्साहन गर्ने नीति ल्याईनेछ।

(१२) कृषिलाई आधुनिकीकरण तथा व्यवसायिक बनाउन कृषि प्राविधिकको व्यवस्था गरिनेछ। साथै माटोको गुणस्तर परिक्षण गर्न डिजिटल प्रविधिको प्रयोग गरी तत्काल रिपोर्ट उपलब्ध गराउने व्यवस्था गरिनेछ।

(१३) गाउँपालिका भित्रका किसानको परम्परागत रुपमा पशुपन्छी पालन गर्दै आएका कृषक र कृषक समूहहरुलाई तथा बाँझो जमिन राखेका किसानहरुलाई लक्षित गर्दै प्रत्येक वडामा पुगि दर्ता प्रकृयालाई सरल र सहज बनाई अनुदानको व्यवस्था मिलाइने नीति लिईनेछ। साथै चक्लावन्दी खेती अवधरणा, धान, मकैको बीऊमा अनुदान दिईने व्यवस्था मिलाईनेछ।

(१४) उन्नत जातको पशुपन्क्षी तथा मत्स्य र डाले घाँस तथा भुइघाँसको विकासको लागि श्रोत तथा प्रजनन केन्द्रको विकास गरिने नीति ल्याईनेछ।

(१५)कृषकहरुलाई सुलभ कृषि ऋण उपलब्ध गराउन वित्तीय क्षेत्रहरुसँग सहकार्य गरिनेछ।

(१६)"**घरघरमा करेसाबारी, भान्सामा ताजा तरकारी**" को लागि वीउबिजन उपलब्ध गराईनेछ।

(१७)स्थानीय रुपमा उत्पादित खाद्यान्न फलफुल, तरकारी, माछामासु, दुध लगायतका सामाग्री गाउँपालिका भित्रै खपत गर्ने तथा ब्राहिरी आयातलाई रोक्ने किसिमको नीति ल्याईनेछ।

(१८)यस पालिकाको कार्यक्षेत्र भएका सम्पूर्ण सहकारी संस्थाहरुलाई अनिवार्य कोपोमिस प्रणालीमा आवद्ध गराउन कोपोमिस प्रणालीको तालिम सञ्चालन गरी सवै सहकारी संस्थाहरुलाई आवद्ध गरी प्रतिवेदन बुझाउने प्रणालीको विकास गरिनेछ।

(१९)सहकारी ऐन तथा नियमावली अनुरुप काम नगर्ने, समयमा कोपोमिस प्रणालीमा वित्तीय विवरण तथा अन्य विवरणहरु पेश नगर्ने सहकारीहरुलाई अनुगमन गरी कारवाही गर्ने नीति ल्याईनेछ र उत्कृष्ट सहकारी संस्थालाई सम्मान गरिने व्यवस्था मिलाईनेछ।

(२०)विषादी रहित अर्गानिक खेती र रैथाने बालीको खेती गर्ने कृषकहरुलाई प्रोत्साहनका लागि योजना तथा कार्यक्रम ल्याईनेछ।

(२१)कृषि सडक, साना सिँचाई (कुलो) निर्माण र सिंचाईको लागि आवश्यक विद्युत आपूर्तिको व्यवस्था मिलाईनेछ।

(२२)ठोरी गाउँपालिकाका किसानहरुले उत्पादन गरेका विभिन्न प्रकारका कृषि जन्य उत्पादनलाई स्टोर गर्न चिस्यान केन्द्र (कोल्ड स्टोरेज) स्थापनाको लागि पहल गरिनेछ।

(२३)वडा नं. ५ का कृषकहरुको लागि सिंचाइको व्यवस्थापन गर्न घोडे मसान सिंचाइ सञ्चालन गर्न पहल गरिनेछ।

**(ख) उद्योग र पर्यटन**

(१)आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्न पर्यटकीय गुरुयोजना निर्माण गर्दैरातो पहाड, कृष्ण मन्दिर, रानीवन, सिंहेपर्वत, क्यामुनाघारी, ओडार चिसापानी, शिकारीवास, गडुवालाईन, मालीवस्ती, वाघमोर्चामाई मन्दिर, पर्यापर्यटनको लागि स्मार्ट चिल्ड्रेन पार्क, गुम्बा र चर्चहरुको पुर्वाधार विकास गरिनेछ।

(२)पर्यापर्यटन प्रवर्द्धनको लागि ठोरी – ४, मालीवस्तीमा सुविधा सम्पन्न मानव ताल निर्माण गरिनेछ।

(३)पर्यटन विकासको लागि गुरु योजना बनाईनेछ।

(४)ईच्छानगरदेखि आधाभारसम्म राष्ट्रिय निकुञ्ज र मध्यवर्ती उपभोक्ता समिति र अन्यसरोकार पक्षसँग समन्वय गरी हात्ती तथा जिप सफारी सञ्चालन गर्न उपयुक्त वातावरण तयार गरिनेछ।

(५)सञ्चालित होमस्टेको व्यव्स्थापनमा स्तरोन्नती र आवश्यक ठाउँमा होमस्टे विस्तार गरिनेछ। साथै तालिमको समेत व्यवस्था मिलाईनेछ।

(६)विभिन्न जातजाती, भाषाभाषीको आत्म सम्मान कायम हुने गरी सांस्कृतिक उत्थान कार्यक्रम, सांस्कृतिक, ऐतिहासिक धरोहरका रुपमा रहेका गुम्बा, चर्च, मठ, मन्दिरको संरक्षण तथा मर्मत संभार, चौतारा पाटीपौवा, राष्ट्रिय लोकबाजा, पञ्चेबाजाको संरक्षण तथा संवर्धन गरिनेछ।

(७)लोपोन्मुख जातजातीका संस्कृतिहरु, दलित समुदायका कला संस्कृति आदीको संरक्षण र संवर्धन गरिनेछ।

(८)नेपालको पुरोनो नाकाको रुपमा रहेको ठोरीको पहिचान अभिवृद्धि एवं संरक्षण गर्न विगत देखि वर्तमान सम्मका ऐतिहासिक, सामाजिक, साँस्कृतिक विकासका समग्र पक्षहरु समेटिने गरी **'ठोरीको इतिहास'** वा **'ऐतिहासिक ठोरी'** विगतदेखि वर्तमान सम्म नामक पुस्तक लेखन कार्य सम्पन्न गरिनेछ।

(९)रोजगारी श्रृजनाका लागि विभिन्न गाउँपालिकासँग साझेदारी गरी लगानी सम्मेलन गर्ने अवधारणा लिईनेछ।

(१०)ठोरी –५ को शहिद स्पार्कको स्तरौन्नती गर्दै लैजान पहल गरिनेछ।

(११)गणेशमान पार्क व्यवस्थित गर्दै जाने पहल गरिनेछ।

**२. सामाजिक विकासः शिक्षा, खेलकूद, संस्कृति प्रवर्धन, खानेपानी, स्वास्थ्य तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरणः**

**(क)शिक्षा**

(१)समता, गुणस्तर, सक्षमता र पहुँचमा जोड दिँदै कक्षा १२ सम्मको शिक्षालाई पूर्ण रुपमा निःशुल्कलाई निरन्तरता दिँदै शैक्षिक गुणस्तर वृद्धि, कार्यकुशलता पार्दर्शिताका लागि अनुगमन तथा निरीक्षणको समेत व्यवस्था गरिनेछ।

(२)गाउँपालिका स्नातक तहको शिक्षा सञ्चालन गर्न विजयवस्ती क्याम्पसलाई थप गुणस्तरीय बनाउन आवश्यक सहयोगलाई निरन्तरता दिईनेछ।

(३)सबै सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माणका साथै पुस्तकालय, प्रयोगशाला र कक्षा कोठालाई अपाङ्गमैत्री, बालमैत्री र प्रविधिमैत्री बनाईनेछ।

(४)ठोरी गाउँपालिकामा सञ्चालित प्राविधिक तथा नमूना विद्यालयलाई थप व्यवस्थित गरिनेछ।

(५)ठोरी गाउँपालिका भित्रका अति विपन्नतथा बाबुआमा विहिन बालबालिकालाई छात्रावृति सहयोगको व्यवस्था गरिनेछ।

(६)ठोरी गाउँपालिका भित्रका सामुदायिक विद्यालयका उतकृष्ठ विद्यार्थीलाई पुरस्कारको व्यवस्था मिलाई उक्त विद्यालयलाई पनि पुरस्कृत गरिने व्यवस्था मिलाईनेछ।

(७)ठोरी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयबाट एस.ई.ई उतिर्ण गरी प्राविधिक धार अध्ययन गर्ने दलित, शहीद परिवार, गरिब तथा जेहेन्दार छात्रछात्राहरुलाई छात्रवृतिको व्यवस्थालाई निरन्तरता दिईनेछ।

(८)भौगोलिक विकटता तथा दुरदराजका कारण शिक्षा पाउने हकबाट बञ्चित हुन पुगेका शिकारीवासबाट गाउँपालिका अन्तर्गतको नजिकको विद्यालयमा अध्ययन गर्न आउने कक्षा ६ देखि माथिका विद्यार्थीहरुको लागि छात्रावासको व्यवस्थालाई निरन्तरता दिईनेछ।

(९)आधारभूत तहसम्म स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ।

(१०)हरित विद्यालयको अवधारणा अनुसार सामुदायिक विद्यालयहरुमा एक विद्यालय एकबगैंचा कार्यक्रम सञ्चालनमा निरन्तरता दिईनेछ।

(११)सामुदायिक विद्यालयहरुको नक्साङ्कन तथा विधार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी मिलानर विद्यार्थी कम भएका विद्यालयहरुलाई कक्षा स्थगन गर्ने निती अवलम्बन गरिनेछ।

(१२)विद्यालय भौतिक पुर्वाधारमा लगानी गर्दा तोकिएका न्यूनतम मापदण्ड सबै विद्यालयमा पुरा हुने गरी गरिनेछ।

(१३)शिक्षामा सूचना सञ्चार तथा प्रविधिमैत्री बनाउन क्रमश: डिजीटल सामाग्रीको क्रमिक उपलब्ध गरिदैलगिनेछ।

(१४)विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको भूमिकालाई सबल र प्रभावकारी बनाउन अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

(१५)बालबालिकालाई विद्यालयमा ल्याउने सिकाउने र टिकाउने कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिनेछ।

(१६)शिक्षालाई जीवनोपयोगी, आधुनिक, विज्ञान प्रविधिमा आधारित शिक्षामा लगानी र गुणस्तर अभिवृद्धि गरिनेछ।

(१७)प्रारम्भिक वालकक्षालाई वालमैत्री व्यवस्थापनमा जोड दिंदै प्रारम्भिक वाल विकास शिक्षकलाई मन्टेश्वरी विधिको तालिम दिई वालवालिकाको सर्वाङ्गिण विकासमा केन्द्रित सहजीकरण गर्ने नीति ल्याईनेछ।

(१८)पालिका विद्यार्थीहरुले वार्षिक परीक्षामा प्राप्त गरेको नतिजाको आधारमा पुरुस्कृत गर्ने नीति लिईनेछ।

(१९)विद्यार्थीहरुको वहुआयमिक प्रतिभाको प्रस्फुटन गराउन प्रत्येक महिना अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप प्रतियोगिता सञ्चालन गरी विद्यार्थीको स्वास्थ्य तथा व्यक्तित्वमा प्राथमिकता दिइनेछ।

(२०)विद्यालय सुशासनको लागि विद्यालय सामाजिक परीक्षण र गुनासो सुनुवाई र विद्यालयका हरेक गतिविधीको अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था गरिनेछ।

(२१)शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यार्थीको शैक्षिक उपलब्धि मुल्याङ्कन गर्न आधारभूत तह कक्षा ५ र ८ को वार्षिक परीक्षा केन्द्रकृत गरी सञ्चालन गरिनेछ।

(२२)विद्यालयको शैक्षिक तथा प्रशासनिक व्यवस्थापन सबल बनाउन मा.वि., नि. मा.वि. र प्रा.वि. तहका प्र.अ.लाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

(२३)विद्यालयको शैक्षिक गुणस्तरका लागि शिक्षक नपुग भएका विद्यालयलाई स्वयंसेवक शिक्षक र वालविकासको व्यवस्थालाई निरन्तरता दिईनेछ

(२४)वालविकासतथा कार्यालय सहयोगीको नेपाल सरकारले तोकेको नियूनतम प्रारिश्रमिक उपलब्ध गराउन गाउँपालिकाबाट थप बजेट विनियोजन गरिनेछ।

(२५)शिक्षकहरुको मनोवल उच्च बनाई शिक्षण पेशा प्रति अभिरुचि जगाउन प्रधानाध्यापनकहरु सँग मासिक समिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालनको व्यवस्थालाई निरन्तरता दिईनेछ।

(२६)विद्यालयमा गुणस्तरीय पोषणयुक्त दिवा खाजाको लागि आवश्यक प्रबन्ध गरिनेछ।

(२७)प्रत्येक वडामा निःशुल्क अग्रेजी माध्यमको प्रा.वि. विद्यालय सञ्चालन गरिनेछ।

(२८)मा.वि. तहका विद्यार्थीहरुलाई पढ्दै कमाउने नीति अवलम्बन गरिनेछ।

(२९)मा.वि. तहका विद्यालयहरुमा विद्यालय नर्स व्यवस्थापनको लागि पहल गरिनेछ।

(३०)विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, शिक्षकर विधार्थी बीच साक्षात्कार भेटघाट तथा छलफल कार्यक्रमलाई निरन्तरता दिईनेछ।

(३१)विद्यालयमा बालक्लब, ईको क्लब र जुरेस गठन तथा परिचालनमा जोड दिईनेछ।

(३२)शिक्षकहरुको वालवालिकालाई सामुदायिक विद्यालयमा नै पढाउनु पर्नेमा जोड दिईनेछ।

**(ख) स्वास्थ्य**

(१)आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवामा ठोरी गाउँपालिकावासीको पहुँचको सुनिश्चितता गरिनेछ।

(२)सुकुम्वासी, असहाय, जेष्ठ नागरिक, वेवारिसे, जटिलता भएको प्रसुति अवस्थाको महिला र वन्यजन्तुको आक्रमणमा परी घाईते ब्यक्तिलाई नजिकको अस्पताल सम्म लैजान निःशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिईनेछ।

(३)गाउँपालिकाको पूर्ण स्वामित्वमा रहेका प्रयोगशालाबाट उपलब्ध गराईने सबै सेवाहरु निःशुल्क गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

(४)ठोरी - २ मा निर्माणको अन्तिम चरणमा रहेको १५ शैयाको आधारभूत अस्पताल हस्तान्तरण भए पश्चात संघीय सरकार र प्रदेश सरकारको समन्वय र सहकार्यमा यसै आर्थिक वर्षमा सञ्चालनमा ल्याईनेछ।

(५)ईच्छानगरमा अस्थायी स्वास्थ्य क्लिनिकलाई यसै आ.व.मा शुरु गरिनेछ।

(६)मधुमेह, उच्च रक्तचाप, मानसिक रोग लगायतका नेपाल सरकारबाट तोकिएका निःशुल्क प्रदान गर्ने औषधीहरु वर्ष भरिनै सहज रुपमा उपलब्ध गराइनेछ।

(७)ठोरी गाउँपालिका मातहतका स्वास्थ्य संस्थाहरुको वार्षिक रुपमा सामाजिक परीक्षण गराईनेछ।

(८)ठोरी गाउँपालिका र मार्फतका सवै वडाहरुलाई पूर्ण खोप सुनिश्चितलाई अनुमोदन गरिदै लगिनेछ।

(९)**"समुदायसँग अध्यक्ष स्वास्थ्य कार्यक्रम"**शुरुवात गरी प्रत्येक महिनामा कम्तिमा एक पटक टोल टोलमा स्वास्थ्यकर्मी परिचालन गरी मधुमेह, उच्च रक्तचाप, मृगौला रोग लगायतको जाँच सेवालाई निरन्तरता दिईनेछ।

(१०)किटजन्य रोगहरुको रोकथाम,नियन्त्रण र उपचारको लागि प्याकेज कार्यक्रम ल्याईनेछ। आगामी दिनहरुमा हुन सक्ने माहामारीको पूर्व तयारी गरिनेछ।

(११)प्रत्येक ३/३ महिनामा गर्भवती महिलाको स्वास्थ्यको जाँच र आमा तथा वच्चाको स्वास्थ्य अवस्था पहिचान गर्न गाउँपालिका क्षेत्रका सम्पूर्ण गर्भवती महिलाहरुलाई भिडियो एक्स-रे सेवा उपलब्ध गराईनेछ।

(१२)ठोरी गाउँपालिकाको स्वास्थ्य संस्थामा मापदण्ड अनुसार ८ पटक गर्भजाँच गराई ठोरी गाउँपालिकाकै बर्थिङ सेन्टरमा बच्चा जन्माउने महिलालाई जनही रु. ५००० (अक्षरेपी पाँच हजार) सम्म सुत्केरी खर्च दिईनेछ।

(१३)यसै आर्थिक वर्ष भित्र यस गाउँपालिकाका वडाहरुमा सम्भावनाको आधारमा वडा छनौट गरी पोषणमैत्री घोषणा पूर्वका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(१४)बहुक्षेत्रीय पोषण योजनाका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

(१५)मृगौला प्रत्यारोपण, डायलाइसिस गरी रहेका, मेरुदण्ड पक्षघात भएका व्यक्तिलाई मासिक ५ हजार रुपैया उपचार खर्च दिँदै आएको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

(१६)गाउँपालिकामा भएको आयुर्वेदिक औषधालयको क्षमता विकास तथा विस्तार र गाउँघर क्लिनिक व्यवस्थित गरी सो केन्द्रबाट दिइने सेवा तथा औषधी निशुल्क वितरणलाई निरन्तरता दिईनेछ।

(१७)नागरिकको स्वास्थ्य परीक्षणको लागि ५ वटै वडामा एकृकित स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

**(ग) खानेपानी तथा सरसफाई**

(१) स्वच्छ तथा शुद्ध खानेपानीमा सबै नागरिकको पहुँच पुऱ्याउने कार्यक्रमलाई सवै टोल वस्तीहरुमा आपूर्ती गर्ने व्यवस्था मिलाइनेछ।

(२)स्वच्छ तथा शुद्ध खानेपानीको गुणस्तर परीक्षणका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

(३) आर्थिक वर्ष २०८२/०८३ भित्र ओभरहेड टयाङ्की खानेपानीलाई वढी प्राथमकिता दिँदै स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ।

**(४)लैङ्गक समानता र सामाजिक समावेशीकरण**

(१)सामाजिक परीक्षण, सार्वजनिक सुनवाईको माध्यबाट सुशासन तथा पारदर्शिता प्रवर्द्धन गरिनेछ।

(२)गाउँपालिका भित्रका विभिन्न स्थानहरुमा जेष्ठ नागरिकहरुको लागि विश्राम स्थल निर्माण कार्यलाई जोड दिईनेछ।

(३)उपाध्यक्ष सुत्केरी पोषण तथा कोशेली वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याउडाँडा, मधेश प्रदेश, नेपाल २०७४

(४)एकल महिलाको जीविको पार्जनका लागि रोजगारमूलक कार्यक्रम सञ्चालन गरिदै लगिनेछ।

(५)मा.वि. स्तरमा लैङ्गक हिंसा न्यूनीकरणको लागि उपाध्यक्ष अक्षय कोष स्थापना गरिने नीति लिइनेछ।

(६)वेरोजगारी समस्या दृर्घकालिन रुपमा समधान गर्न पालिकाको साझेदारीमा श्रम बजारको माग अनुसार युवा जनशक्तिको सिप र दक्षताको विकास गरिनेछ।

(७)वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र उपलब्धी मूलक बनाउन पालिकामा सञ्चालित सामी कार्यक्रम मार्फत वैदेशिक रोजगारीमा गएका, फर्किएकाहरुको तथ्याङ्क संकलन गरी फर्किनेहरुको लागि सिपमूलक तालिम सञ्चालन गरी ठोरी मै व्यवसाय गर्ने वातावरण सृजना गरिनेछ।

(८)नसर्ने रोगको रोकथाम गर्न योग शिविरको आयोजना गरी नागरिकलाई योग अभ्यास गराइने कार्यक्रम ल्याइनेछ।

(९)गाउँपालिकामा रहेका प्रत्येक टोलटोलमा टोल सुधार समिति निर्माण गरी टोल सुधारका कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

(१०)मानव अधिकार रक्षाको लागी महिला संजाल गठन गर्न पहल गरिनेछ।

(११)सामाजिक सदभाव, विपद् व्यवस्थापन लगायत शान्ति सुरक्षाको सम्बन्धमा सम्बन्धित निकाय सँगको विगत देखिको समन्वय, सहकार्यलाई अझ बढी प्रगाढ र फलदायी बनाउँदै लगिनेछ।

(१२)एकल महिलाहरुको लागि अटो रिक्सा ड्राइभिङ तालिमको व्यवस्था गरिनेछ।

(१३)दलित वर्ग उत्थान कार्यक्रम सञ्चालन गरिनेछ।

**(घ)युवा, खेलकुद तथा रोजगारी**

(१) अनुशासन, स्वास्थ्य र विकासका लागि वार्षिक रुपमा हुँदै आएका खेलकुद प्रतियोगिताहरुलाई निरन्तरता दिँदै लगिनेछ।

(२) युवाहरुको प्रतिभा पहिचान गर्दै विभिन्न कार्यक्रम मार्फत सहभागितात्मक नेतृत्व सीप प्रदान गरिनेछ। साथै सांस्कृतिक पर्वहरुमा यस्ता प्रतियोगितात्मक कार्यलाई प्रोत्साहन गरिनेछ।

(३) युवाहरुलाई लागु औषध दुर्व्यसनबाट निरुत्साहित गर्नुका साथै लागु औषध दुर्व्यसनमा फसेका युवाहरुलाई सुधार केन्द्र मार्फत सीपमूलक तालिम प्रदान गरी स्वरोजगार बनाईनेछ।

(४) विभिन्न खेलकुद मध्ये क्रिकेट खेललाई पनि अगाडी बढाईनेछ।

३. पूर्वाधार विकासः उर्जा सञ्चार, स्थानीय सडक, पुल, सिंचाई, खानेपानी पूर्वाधार निर्माण, भवन तथा शहरी विकासः

१. नेपाल सरकारद्धारा निर्धारण गरिएको मार्गदर्शन एवं राष्ट्रिय भवन संहिता समेतका आधारमा निर्धारण गरिएको भवन निर्माण सम्बन्धी मापदण्डलाई आधार मानी स्थानीय आवश्यकताका आधारमा समग्र शहरी बिकास तथा भौतिक पूर्वाधार निर्माणलाई अगाडि बढाइनेछ।

२. गाउँपालिका क्षेत्रको सडक सञ्चालनमा सबै गाउँवासीहरुको पहुँच बढाउन आवश्यकता र औचित्यको आधारमा नयाँ सडकको निर्माण र भएको सडकहरुको स्तरोन्नति गरिनेछ। साथै गाउँपालिका क्षेत्रमा रहेको मुख्य सडक, सहायक सडक, गोरेटो बाटो आदिको सिमाङ्कनको कार्यलाई क्रमश प्राथमिकताका आधारमा अगाडि बढाइनेछ।

३. विद्युतको पहुँच नभएका बस्तीहरुमा विद्युतको व्यवस्था गरिनेछ। साथै २ फेजको विद्युतलाईनलाई ३ फेजमा रुपान्तरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

४. गाउँपालिकाबाट निर्माण गरिने सार्वजनिक पूर्वाधारहरुलाई यथा सम्भव फरक क्षमता भएका व्यक्ति मैत्री बनाईनेछ।

५. गाउँपालिकाबाट निर्माण भै रहेको पार्क निर्माणलाई निरन्तरता दिंदै यसै वर्षबाट स्वीमिङ्ग पूल सञ्चालनमा ल्याईनेछ।

६. गाउँपालिका क्षेत्रभित्र आवश्यक पर्ने खानेपानी, पर्यटन, यातायात, खेलकूद लगायतका क्षेत्रहरु सार्वजनिक (निजी, साझेदारी) अवधारणाका आधारमा उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७. ढेडु खोला, सरस्वती खोला, झिङ्गे खोला, इच्छानगर जाने वाटोमा ठुटे खोलामा पक्की पुलको निर्माणका लागि प्रदेश र केन्द्र सरकारसँग समन्वय गरिनेछ।

८. अधुरो हुलाकी सडकलाई पुरा गर्न सम्वन्धित निकायमा ध्यानाकर्षण गराउदै मुआब्जाको लागि उचित पहल गरिनेछ।

९. विभिन्न धार्मिक तथा सांस्कृतिक पर्व र राष्ट्रिय दिवसहरुमा स्थानीय खाद्य समाग्रीबाट बनेको परिकारको फुड फेस्टिभलको आयोजना गरिनेछ।

१०. ठोरी वडा नं.२ मा रहेको मनमोहन स्मृति र भन्सार बीचमा, सिता गुफा र टाउन बीचमा जिपलाईनको निर्माण कार्यको लागि निजी तथा गैरसरकारी संघसंस्थाहरु सँग समन्वय गरिनेछ।

११. गाउँपालिका भित्रका विद्यालय तथा स्वास्थ्य संस्थाहरुको स्तरोन्नति कार्यलाई निरन्तरता दिईनेछ।

१२. ठोरीका ऐतिहासिक तथा पर्यटकीय स्थानहरुको प्रचार प्रसार गर्न उत्कृष्ठ प्रचार प्रसार सामाजिक सञ्जालमा प्रस्तुत गरिने व्यक्ति तथा संस्थालाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ।

१३. ठोरी-माडी सडक बाह्रै महिना सञ्चालन र स्तरोन्नतीका लागि चितवन राष्ट्रिय निकुञ्ज, माडी नगरपालिका, बागमती प्रदेश सरकार तथा मधेश प्रदेश सरकारसँग समन्वय गरिनेछ।

१४. वि.स. २०७२ साल अघि बनेका घर टहराहरुलाई जरीवाना छुट गरी अभिलेखीकरण गर्ने विशेष व्यवस्था गरिनेछ। साथै वि.स. २०७२ साल पछि बनेका घर टहराहरुलाई नियमित गर्ने नीति ल्याइनेछ।

१५. प्राकृतिक श्रोत (खोला नाला) बाट भई रहेको सिँचाई पद्धतिलाई सुधार गरी कुलो तथा चेकड्याम निर्माण कार्यलाई व्यवस्थित गरी सिँचाई कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१६. प्रत्येक वडामा वडा भवन, सामुदायिक भवन, विद्यालय भवन, विद्यालय हातामा सभा हल, स्वास्थ्य संस्था भवन, सार्वजनिक शौचालय क्रमशः निर्माण गरिँदै लगिनेछ।

१७. हाल सञ्चालनमा रहेका टेलिफोन नेटवर्कलाई २४ सै घण्टा गुणस्तरीय सेवाको व्यवस्था गराईनेछ। ठोरी गाउँपालिका अन्तर्गतका शिकारीवास, ओडार विद्यालय नजिक, भगवाननगर, तीनघरे. ईच्छानगर लगायतका टेलिफोन नेटवर्क कमजोर हुने ठाउँहरुमा टावर स्थापनाको प्रयास गरिनेछ।

१८. कृषि उत्पादन बृद्धिका लागि सिँचाइ व्यवस्था नभएका ठाउँहरुमा डिप वोरिङ, स्यालो ट्युवेल आदि कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१९. आवश्यकताको आधारमा सिँचाइको लागि कुलो, नहर निर्माण तथा मर्मत कार्य गरिनेछ।

२०. यस गाउँपालिकाभित्रका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय गन्तव्यको प्रचार प्रसार एवं ठोरीको विकास, समृद्धि र कार्यप्रगति समेटेर डकुमेन्ट्री सहितको वृहत प्रचार प्रसार गरी आन्तरिक तथा वाह्या पर्यटकको आवागमन बढाईनेछ।

२१. विभिन्न ठाउँहरुमा ट्राफिक विटको व्यवस्था मिलाईनेछ।

२२. कृष्ण मन्दिर देखि गोलेडाँडा सम्म केवुल कारको लागि DPR तयारीको लागि पहल गरिनेछ।

४. **वातावरण तथा विपद् व्यवस्थापनः वातावरण, वन तथा भू-जलाधार, फोहरमैला, भूमिहीन तथा सुकुम्वासीः**

(१)सामुदायिक वन तथा पारिवारिक निजी वन प्रवन्धन तथा विकास कार्यक्रम सम्वन्धी नीति ल्याईनेछ।

(२)संवैधानिक प्रत्याभूति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम राष्ट्रिय कार्ययोजना, २०१८-२०३० लगायतका नीतिगत तथा कानूनी व्यवस्थाको कार्यान्वयनमा गाउँपालिका सरकार प्रतिबद्ध छ।

(३)अनुमान गर्न नसकिने तर पूर्व तयारी गरे विपदबाट बाँच्न र बचाउन सकिने अभ्यास हामीले गर्दै आएकोछौं । विपद् कति वेला आउछ भनि पूर्व अनुमान गर्न नसकिने तर तत्काल प्रतिकार्य गर्नुपर्ने भएकोले आगामी आर्थिक वर्षमा समेत यसलाई निरन्तरता दिइनेछ। साथै विपद्बाट पिडित नागरिकलाई तत्काल राहत, उद्धारतथा पूर्नस्थापनाको लागि अध्यक्षबाट तत्कालै आवश्यक परेमा तोकिए बमोजिम रकम उपलब्ध गराईनेछ।

(४)गाउँपालिकाबाट पारित विपद् ऐन तथा कार्यविधिको अधिनमा रही वडास्तरीय विपद् व्यस्थापन उप समिति र वडा समितिको निर्णयबाट वडा कार्यालयले नै सानातिना विपद् सम्वोधन गर्ने नीतिगत व्यवस्थाको कार्यान्वयन गरिनेछ।

(५)ढेडु खोला, सरस्वती खोला, झिङ्गे खोला, ठुटे खोला, अमुवा खोला, ओरिया, आदी खोला हरुलाई निरन्तर गर्ने पहल गरिनेछ।

(६)जलवायु अनुकूलनका लागि प्रत्येक संघसंस्था हाताभित्र कम्तिमा १० बिरुवा रोपी संरक्षण गर्नु पर्ने व्यवस्था मिलाईनेछ।

(७)खोला वरपर रहेका मानव वस्तीहरुमा वाढीबाट हुने जोखिम न्यूनीकरण गर्नका निम्ति नागरिकको मोवाइलमा सूचना सम्प्रेक्षण गर्ने प्रविधिको व्यवस्था मिलाईनेछ।

(८)सरकारी, पर्ति तथा खोलाका छेउछाउका खाली जमीनमा वृक्षारोपण गरिनेछ।

(९)वन्युजन्तुबाट हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न प्रभावित स्थलहरुमा दीगो हुने गरी सोलार फेन्स, मेसजाली, तारवार निर्माण गरिनेछ।

(१०) परम्परागत तथा रैथाने बालीहरुको संरक्षण गर्दै उत्पादन र बजारीकरण गर्दै लगिनेछ।

(११)बन्यजन्तुबाट हुने क्षतिको क्षतिपूर्तिको व्यवस्था, पशुधन बीमा र बाली बीमाको कार्यक्रमलाई सम्वन्धित निकुञ्ज मध्यवर्ति क्षेत्र र वन उपभोक्ता समूहसँग सम्वन्य गरी अघि बढाईनेछ।

(१२)अव्यवस्थित वसोवासी तथा सुकुम्बासीहरुलाई वसोवासको व्यवस्था मिलाईनुका साथै हाल साविक नभएका जग्गालाई हाल साविक गर्ने व्यवस्था मिलाईनेछ।

(१३)भूमिहिन, सुकुंम्बासी र दलित समुदायका जग्गा जमिन नभएको व्यक्तिलाई आवासको व्यवस्था मिलाईनेछ।

(१४)ठोरी गाउँपालिका, चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्ज बीच त्रिपक्षीय समन्वय र सम्झौता गरी संरक्षण तथा विकासका कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

**५. संस्थागत विकास सेवा प्रवाह र सुशासनः सामान्य सेवा प्रवाह, सुशासन, सूचना प्रविधिको विकास र तथ्यांक व्यवस्थापनः**

(१)गाउँपालिकाबाट कार्यान्वयन भएका र हुने विभिन्न भौतिक निर्माणका योजनाहरुको वस्तुगत अनुगमन, नियमन गर्न प्राविधिक, प्रशासन, उपभोक्ता समिति, निर्माण व्यवसायी लगायत सम्पूर्ण सरोकारवाला पक्षहरुलाई क्षमता विकासको लागि उचित तालिमको व्यवस्था गरिनेछ।

(२)शान्ति सुरक्षालाई व्यवस्थित गर्न र सडक दुर्घटनाको न्यूनीकरण गर्नको लागि मुख्य सडकमा उच्च प्रविधि सहितको सि.सि.टिभि जडान गरिनेछ।

(३)समग्र अनुगमन, नियमन र नियन्त्रण कार्यलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउँदै लगिनेछ।

(४)गाउँपालिकामा शान्ति सुरक्षाको लागि सुरक्षा निकायसँग समन्वय गरी शान्ति सुरक्षाको प्रत्याभूती गरिनेछ।

(५)गाउँपालिकाबाट दिइने सेवाहरुको सूचना एवम् जानकारीहरु सार्वजनिक गराउनेविवरणहरु तथ्याङ्क, सूचना, कर, नीति योजना तथा कार्यक्रम लगायतका



CamScanner

विषयहरुमा विद्युतीय प्रणाली मार्फत सञ्चालन गर्ने व्यवस्था गरिनेछ। नागरिकहरुको ईन्टरनेट पहुँचका लागि एक वार्ड एक फ्रि वाईफाई जोनको व्यवस्था गरिनेछ।

(६)गाउँपालिका भित्र निजी क्षेत्रबाट सञ्चालन हुँदै आएका सार्वजनिक यातायातमा उपभोक्ता मैत्री बनाउन सम्बन्धित पक्षहरुसँग समन्वय गरी उपयुक्त नीति द्वारा व्यवस्थापन गराइनेछ।

(७)नागरिकको सूचनाको हक पाउने संवैधानिक अधिकार संरक्षण गर्दै पालिकाको सेवातथा गतिविधिलाई जनमैत्री, पारदर्शी र जवाफदेहि बनाउन आवधिक रुपमा विद्युतीय माध्यमबाट प्रकाशन गरिनेछ र पालिकाका संघ संस्था डेक्सको व्यवस्था मिलाईनेछ।

(८)सुशासनको प्रत्याभूति, आर्थिक अनुशासान, पारदर्शिता, सेवाग्राहीहरुलाई सेवाको सुनिश्चितता गर्ने बयवस्था मिलाईनेछ। जननिर्वाचित प्रतिनिधि, कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

(९)ठोरी गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयहरुमा कार्यरत असल काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ।

(१०) गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा सार्वजनिक सेवा प्रदान गर्ने कार्यालयहरुमा जनसुझांव पेटिकाको व्यवस्था, सत्य तथ्य विषयवस्तुहरु सार्वजनीकरण गर्ने सूचना अधिकारीको व्यवस्था र गाउँपालिकाको कार्य प्रगति तथा प्रतिवद्धता गरिएका विषयवस्तुको वार्षिक सामाजिक सुनुवाई तथा समिक्षा गरिने व्यवस्था मिलाईनेछ।

(११)गाउँपालिका, वडा तथा अन्तर्गतका कार्यालयहरुमा तथ्याङ्कीय अभिलेखहरु अद्यावधिक गर्ने व्यवस्था मिलाईनेछ।

(१२)गाउँपालिका भरिका कार्यालयहरुको दरवन्दी तेरिज अनुसार जनशक्ति व्यवस्थापन गरिनेछ र आन्तरिक स्रोतका अनावश्यक तथा प्रभावहीन दरवन्दी खारेज गर्दै आर्थिक शुसासन र मितब्ययीतामा जोड दिने नीतिलाई निरन्तरता दिईनेछ।

(१३)प्रत्येक वर्षको आन्तरिक लेखा परीक्षण तथा महालेखा परीक्षण तोकिएको समयमै गर्ने व्यवस्था मिलाईनेछ।

(१४)सूचना, सञ्चार तथा प्रविधिमा आधारित स्थानीय सेवा प्रवाह सुदृढीकरणका लागि ओफिस अटोमेशन सिसटम, AI मा आधारित एमलिकेशन र डिजिटल गाउँ प्रोफाईल कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

**६. न्याय कानुन तथा मानव अधिकार तथा सुशासन प्रवर्धन नीतिः**

(१)न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताहरुलाई र कर्मचारीको ज्ञान, सीप; र क्षमता अभिवृद्धि गर्ने खालको कार्यक्रम ल्याईनेछ।

(२)न्यायिक क्षेत्रमा न्याय निरुपण गर्न कर्मचारी तथा न्यायिक आवास बनाउन पहल गरिनेछ। जस्तै हिंसामा परेका वेचविखनबाट अपहेलित तथा संरक्षणबाट वाहिर रहेका महिला तथा वालवालिका पूर्नस्थापना केन्द्र तथा सुरक्षित आवास केन्द्र बनाउन पहल गरिनेछ।

(३)गाउँपालिकाका जनतामा न्याय पाउने संवैधानिक हकलाई सुनिश्चितता गरिनेछ। साथै जनता सँगै न्यायिक समितिको न्याय आवाज कार्यक्रम सञ्चालन गरिनेछ।

(४)गाउँपालिकालाई आवश्यक पर्ने ऐन, कानून, नियम र निर्देशिका वनाई विधिको शासनलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ।

(५)सूचना प्रणाली व्यवस्थित गराउदै लानुको साथै गाउँपालिकाको विद्युतीय पार्श्वचित तयार गरी सोको आधारमा योजना प्रकृया सञ्चालन गरिनेछ।

(६)न्याय निरुपणका लागि जनशक्ति विकासका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

(७)न्याय निरुपणको कार्य सम्पादनका आधारमा न्यायिक समितिलाई भत्ताको व्यवस्था गरिनेछ।

(८)जेष्ठ नागरिक, बालबालिका, किशोरी, महिला, आदिवासी, फरक क्षमता भएका, एकल महिलाहरुको अधिकारलाई सुनिश्चित गर्न विभिन्न कार्यक्रम ल्याईनेछ।

(९)न्याय समितिको कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि कार्यालय स्थापना र कर्मचारी व्यवस्था गरिनेछ।

**७. योजना अनुगमन तथा तथ्याङ्क नीतिः**

(१)गाउँपालिकाबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुलाई गुणस्तरीय रुपमा छिटोछरितो रुपमा सम्पन्न गर्नको लागि प्रत्येक आ.व. को जेष्ठ मसान्त सम्म सम्पन्न गरी सो को भुक्तानी फरफारक गरी सक्नु पर्ने नीति अवलम्वन गरी आषाढमा एकै पटक हतारमा कार्य सम्पन्न गर्ने प्रचलनलाई सुधारत्मक रुपमा व्यवस्थापन गरिनेछ।

(२) गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने योजनाको विस्तृत एवं सार्वजनिक जानकारी हुने गरी योजना सञ्चालन स्थलमा योजना विवरण राख्नु पर्ने प्रावधानलाई निरन्तरता दिईनेछ।

(३) स-साना योजनालाई एकीकृत गरी समयमै सम्पन्न हुन सक्ने उपलब्धी मूलक योजनालाई प्राथमिकताका आधारमा क्रमश सञ्चालन गर्ने नीति लिइनेछ ।

**क्षेत्रगत समग्र नीति तथा आधारहरुः**

**गाउँपालिकाको लक्ष्य तथा उद्देश्य प्राप्तीको लागि गाउँपालिकाबाट निम्न अनुसार प्राथमिकताका आधारमा विषयगत क्षेत्रमा नीति, कार्यक्रम तथा बजेटको तर्जुमा गरिएको छ ।**

(१) गाउँपालिकाको जनप्रतिनिधी, कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, अवलोकन गोष्ठी लगायतका कार्यक्रमको लागि आवश्यकता अनुसार निजी तथा संस्थागत समन्वयबाट सञ्चालन गरिनेछ।

(२) गाउँपालिकाको कर्मचारी कल्याण कोष परिचालन कार्यविधि बनाई कार्यान्वयनमा ल्याईनुका साथै मानव संसाधन विकास कोष, विपद् व्यवस्थापन कोष, जोखिममा परेका महिला,बालबालिका संरक्षण कोष, वातावरण संरक्षण कोष लगायत विशेष कोषहरु स्थापना गरिनेछ। यी कोषहरु सञ्चालन गर्न कार्यविधि बनाई क्रमश कार्यान्वयनमा ल्याईनेछ।

(३) सुशासन र आर्थिक अनुशासन कायम गर्न गाउँपालिकाको आय व्यय विवरण नियमित प्रकाशित गर्दै लाने- व्यवस्था मिलाउदै लगिनेछ।

(४) कुलो, पैनी, रगोरेटो सडक निर्माण तथा मर्मत सम्भारको कार्यलाई अगाडी बढाउनेछ।

**विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण प्रयास,अवसर तथा चुनौतिः**

**१. अवसर :**

**(क)** संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।

**(ख)** सबै वडामा सडक पहुँच हुनु।

**(ग)** गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु।

**२. चुनौती :**

**(क)** रोजगार मूलक र सीप मूलक शिक्षाको विकास गर्नु।

**(ख)** बजारको सूचना कृषकहरुलाई समयमै उपलब्ध गराउनु।

**(ग)** गुणस्तरीय वीउवीजन, मलखाद समयमा नै उपलब्ध गराउनु।

(घ) युवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आकर्षित गर्नु।

(ङ) मध्यवर्ति क्षेत्रमा विकास निर्माण, पर्यटन पूर्वाधार निर्माण र व्यवसायिक उद्योगहरुको स्थापना गर्ने।

**३. परिकल्पनाः**

**"सुशासन, समृद्धि, समुन्नत र पर्यटकीय ठोरीको आधार, उत्तरदायी, पारदर्शी, जिम्मेवार स्थानीय सरकार"**

**४. सोच :**

ठोरी गाउँपालिकाका गाउँवासीहरुको आधारभूत आवश्यकता पुरा गर्दै विशिष्ट पहिचान सहितको सुन्दर पर्यटकीय र समृद्ध गाउँपालिका **"सुशासन, समृद्धि र समुन्नत ठोरी"** बनाउने मुख्य सोच रहेको छ ।

**५. लक्ष्य :**

विभिन्न ऐतिहासिक, पुरातित्वक, धार्मिक, सामाजिक महत्वका क्षेत्रहरु रहेको ठोरी गाउँपालिकाको प्राकृतिक सौन्दर्यताको बहुउपयोग सहित पुर्वाधारको विकास, कृषिमा आधुनिकीकरण, गुणस्तरीय शिक्षा र नागरिक सशक्तीकरण गर्दै सवल, सक्षम र समृद्धिशाली वनाउने लक्ष्यका साथ गाउँपालिकालाई भौतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण गाउँपालिकाको रुपमा विकास गरी आर्थिक एवं सामाजिक दृष्टिले समुन्नत, आत्मनिर्भर र स्वावलम्वी गाउँपालिका वनाउने लक्ष्य राखिएको छ।

**६. उद्देश्य :**

१. स्थानीय सरकारको रुपमा निर्वाचित सक्षम र दूरदृष्टीपूर्ण नेतृत्वमा सरकारी, गैरसरकारी, निजी क्षेत्र एवं समुदाय सहितको समन्वय र सहभागितामा उपलब्ध स्रोत साधनहरुको- समुचित परिचालन गर्ने। साथै दातृनिकायलाई विकास साझेदारीमा काम गर्न आह्वान गरिनेछ।

२. शैक्षिक, आर्थिक तथा सामाजिक असमानता हटाउन सुशासन एवं पारदर्शिता कायम गरी समावेसी, समानुपातिक विकासको अवधारणामा गाउँपालिकाको समग्र विकासको लागि भौतिक पूर्वाधार एवं सामाजिक क्षेत्रमा लगानी वृद्धि गर्ने।

३. लक्षित वर्गका लागि विशेष कार्यक्रमहरु मार्फत आर्थिक तथा सामाजिक उन्नति र पहुँचमा वृद्धि गर्न गरिवी न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने।

४. सुशासनको प्रत्याभुति सहित ऐतिहासिक कला, संस्कृति, सम्पदा तथा प्राकृतिक सौन्दर्यता युक्त स्रोत साधानहरुको अधिकतम परिचालनका साथ समग्र विकासद्वारा देशकै नमूना गाउँपालिकाको रुपमा संस्थागत सवल सक्षम र आत्मनिर्भर बन्ने।

**यस गरिमामय तेह्रौं गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु :**

ठोरी गाउँपालिकाको सार्वभौम यस तेह्रौं गाउँसभामा पेश भएको नीति तथा कार्यक्रमले समग्र पक्षलाई समेट्ने प्रयास गरेको छु। आगामी आर्थिक वर्षको बजेट समेत यहि नीति तथा कार्यक्रम कार्यान्वयनको दिशामा निर्देशित भई तयार गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रम पारित गर्न सम्पूर्ण गाउँसभा सदस्यहरुमा अनुरोध गर्दछु । यस वार्षिक नीति तथा कार्यक्रमको सफलताका लागि आम गाउँपालिका बासीहरुबाट सकारात्मक पृष्ठपोषण र मार्ग दर्शनको अपेक्षा समेत गरेको छु ।

**अन्त्यमा :**

यस नीति तथा कार्यक्रममा उल्लेख गरिएका विषयवस्तु आगामी आर्थिक वर्षको लागि प्राप्त हुने स्रोत र साधनको परिधिभित्र रही समयमानै खर्च हुन सक्ने बजेट निर्माण हुने प्रतिबद्धता सहित नीति तथा कार्यक्रमको पूर्ण सफलताको आशा गर्दछु र सबैको साथ र सहयोगको अपेक्षा गर्दछु।

**धन्यबाद, नमस्कार।**

.............................

लाल बहादुर श्रेष्ठ

अध्यक्ष

मितिः २०८२/०३/०४

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४